मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १७३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ ९ गते शुक्रवार (Friday, May 22. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

श्रीमतीले १० वर्षसम्म बलात्कार गरेपछि... : पृष्ठ ३



# झापामा पीसीआर प्रयोगशाला र कोरोना अस्पतालको पहल



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

छलफलमा आफ्नो प्रस्तुति राख्दै नेताहरु



सोमनाथ पोर्तेल



चिन्तन पाठक



उद्धव थापा



दिपेन वालाराई



अनुतसिंह राजवंशी



कमलप्रसाद खरेल



महेन्द्रकुमार गिरी

**बिर्तामोड, जेठ ८।** कोरोना भाइरस नियन्त्रण र उपचारका लागि झापामा पीसीआर परीक्षण प्रयोगशाला र कोरोना अस्पताल तत्काल सञ्चालनका लागि पहल गरिने भएको छ ।

जिल्लास्तरीय कोरोना भाइरस संक्रमण, रोकथाम, उपचार, समन्वय तथा अनुगमन समितिका संयोजक सोमनाथ पोर्तेलसहित झापाका मुख्य राजनीतिक दलका प्रमुखहरुबीच विहीवार बिर्तामोडमा भएको छलफलमा त्यस्तो निष्कर्ष निकालिएको हो ।

अस्पताल तथा पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागि स्थान पहिचान लगायतका काम तत्काल अघि बढाउनेसमेत निष्कर्ष निकालिएको छ । कोरोना भाइरसको पीसीआर पद्धतिद्वारा परीक्षण र अस्पताल स्थापनाका लागि झापामा सञ्चालित 'एकका लागि एक' अभियानको तर्फबाट एक हजार थान भीटीएम किट खरिद गर्ने सहमति

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोड नगर शिल

### के खुल्छ, के बन्द ?

**बिर्तामोड, जेठ ८।** बिर्तामोडमा कोरोना भाइरस संक्रमणको जोखिम बढेपछि नगरपालिकाले नगर क्षेत्रलाई शिल गरेको छ ।

नगरपालिका तथा इलाका प्रहरी कार्यालय अनारमनीको तर्फबाट अपिल जारी गर्दै नगरप्रमुख ध्रुवकुमार शिवाकोटीले भनेका छन्- यो महामारीलाई फैलन नदिनका लागि नेपाल सरकारले जारी गरेको लकडाउनलाई पूर्णपालना नगर्दा यस बिर्तामोड नगरपालिकामा यसको प्रकोप बढी फैलन सक्ने सम्भावना देखिएकोले यसलाई मध्यनजर राख्दै अर्को निर्णय नभएसम्मका लागि मिति जेठ ७ गते यस नगरपालिकामा बसेको स्थानीय राजनीतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख समेतको सर्वपक्षीय बैठकको निर्णयले जेठ ८ गते राति १२:०० बजेदेखि देहायका सेवाहरु बाहेक अन्य सम्पूर्ण सेवाहरु लकडाउन गरिएको छ ।

उक्त समय अवधिभर सम्पूर्ण नगरवासीहरु, संघ-संस्थाका प्रतिनिधिहरुले आ-आफ्नो घरभित्र रही लकडाउनलाई पूर्ण पालना गर्न र पास बिनाका कुनै पनि प्रकारका सवारीसाधनहरु सञ्चालन नगर्न आग्रह गरिएको छ । विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) संक्रमणका कारण अहिले यस महामारीको रोकथाम तथा नियन्त्रणा र नागरिकहरुको जीवन रक्षाको लागि अहोरात्र खटिएको पनि अपिलमा जनाइएको छ । देशमा लकडाउन गरी सामाजिक दुरी कायम गरिएको २ महिना पुग्न लागेको छ । झापा जिल्लामा मात्र ३५ जनामा कोरोनाको संक्रमण देखापरेको छ ।

**बिर्तामोडमा चल्ने र बन्द हुने सेवाहरु :**

१) नगरको सीमानाहरुमा रहेका छिमेकी पालिकाहरुबाट हुने प्रवेश र आवतजावतलाई पूर्णत बन्द गर्न सुरक्षा निकायले सम्बन्धित वडा र टोल विकास संस्थासँग

(बाँकी अन्तिम पृष्ठमा)

## कचनकवलमा कोरोना संक्रमित ३३

पार्थ मण्डल

**भद्रपुर, जेठ ८।** झापाको कचनकवल गाउँपालिकामा बिहीबार २३ जना कोरोना सङ्क्रमित थपिएका छन् । योसँगै गाउँपालिकामा मात्रै सङ्क्रमितको संख्या ३३ पुगेको छ । झापामा भने संक्रमितको संख्या ३५ पुगेको हो ।

भारतबाट आएका नेपाली नागरिकलाई गाउँघर प्रवेश गर्न नदिएर गाउँपालिकाले सोझै क्वारेनटाइनमा लगेर राख्न थालेको छ । क्वारेन्टाइनमा बसेकामध्ये ९८ जनाको स्वाब पीसीआर परीक्षणका लागि पठाइएको हो । त्यसमध्ये मंगलवार १, बुधवार ९ र बिहीबार २३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

पथरिया माविको क्वारेनटाइनमा बसेका ३३ जनामध्ये १० जनालाई कोरोना देखिएको हो । १० जनालाई उपचारका लागि कोशी अस्पताल विराटनगर पठाइसकेको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादवले जानकारी दिए । बिहीबार देखा परेका सङ्क्रमित लक्ष्मीप्रसाद देवकोटा माविको क्वारेन्टाइनमा बसेका मध्येबाट पुष्टि भएको हो ।

त्यहाँबाट एक महिलासहित ६५ जनाको स्वाब परीक्षणका लागि पठाइएको ३० जनाको रिपोर्ट पहिलो चरणमा आएको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईले जानकारी दिए । त्यसमध्ये १५ जनाको रिपोर्ट कोरोना पोजेटिभ आएको हो भने १५ जनाको रिपोर्ट नेगेटिभ आएको हो'- उनले भने । कोरोना पुष्टि भएका उनीहरूलाई उपचारका लागि कोशी अस्पताल पठाइएको छ । अरू ३५ जनाको रिपोर्ट आउन बाँकी छ । विहीवार संक्रमितमध्ये वडा नम्बर ३ का नौ जना, वडा नम्बर ४ का दश जना, वडा नम्बर ५ का तीन जना र वडा नम्बर ६का एक जना रहेको बताइएको छ । उनीहरूको उमेर १८देखि ४६ वर्षसम्मका हुन् । उनीहरू सबै जना जेठ ४ गते भारतको दिल्ली, मुम्बईबाट आएका हुन् ।

**आतंकित नहुन गाउँवासीलाई गाउँपालिकाको आग्रह**

भारतका विभिन्न राज्यमा रोजगारीका लागि गएका कचनकवलबासी अहिले धमाधम गाउँघर फर्किरहेका छन् । कोरोना त्रासपछि भारतमा रेल लगायतका यातायातका सवारीसाधन खुलेपछि उनीहरू स्वदेश फर्किन थालेका हुन् । भारतमा अलपत्र परेपछि उनीहरू घर आएका हुन् । भारतबाट गाउँ फर्किएका उनीहरूलाई गाउँपालिकासहित स्थानीय प्रहरी, प्रशासनले नियन्त्रण लिएर सोझै क्वारेन्टाइनमा लगेर राख्न थालेका छन् ।

गाउँपालिकामा शनिवारदेखि बुधवारसम्ममा २१३

(बाँकी अन्तिम पृष्ठमा)

## झगडा मिलाएर फर्कदा प्रहरी इञ्चार्जको मृत्यु

**ताप्लेजुङ, जेठ ८।** नजिकैको गाउँमा भएको झगडा मिलाएर कार्यालयतर्फ फर्कने क्रममा सिरिजंघा गाउँपालिका-७ स्थित खेवाङ प्रहरी चौकीका इञ्चार्ज तथा प्रहरी सहायक निरीक्षक बालकुमार राईको बाटैमा निधन भएको छ ।

सिदिङ्वा गाउँपालिकास्थित सुरुम्खिममा भएको झगडा मिलाएर फर्कने क्रममा बाटैमा बिरामी परेका राईको निधन भएको हो ।

बुधबार दिउँसो झगडा मिलाएर फर्कने क्रममा बीच बाटामा नै अचानक बान्ता भएको र हिँड्न नसक्ने अवस्था भएकाले बाटैमा पर्ने खेवाङस्थित कुमार सार्कीको घरमा बसेका राईको राति निधन भएको वडाध्यक्ष नरेन्द्र तिवारीले जानकारी दिए ।

राईसँग प्रहरीचौकीमा कार्यरत हवल्दार र एक जवानसमेत साथमा थिए । खेवाङ प्रहरी चौकीमा करिब

(बाँकी अन्तिम पृष्ठमा)




## नेपालमा अंपुन चक्रवात प्रभाव

**काठमाडौँ, जेठ ८।** अंपुन चक्रवातको प्रभावले देशभर बदली रही काठमाडौँ उपत्यकासहित देशका अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

बङ्गालको खाडीमा बनेको चक्रवात जमिनमा प्रवेश गरिसकेकाले यसको प्रभाव अझै दुई दिन कायम रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । चक्रवात अंपुनको अप्रत्यक्ष प्रभावले देशको पूर्वी भूभागमा पूर्ण बदली रही केही स्थान र पश्चिमी तथा मध्यका एक दुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् मीनकुमार अर्यालले बताए ।

चक्रवात वेस्त बङ्गाल र बङ्गलादेशको तटीय क्षेत्र पार गरी लगाातार उत्तरपूर्वतर्फ अगाडि बढिरहेको छ । त्यसपछि यो चक्रवात क्रमशः कमजोर बन्दै उत्तर-पूर्वी दिशातर्फ मोडिने सम्भावना रहेको जनाइएको छ । मौसमविद्का अनुसार चक्रवातको प्रत्यक्ष प्रभाव नरहे पनि यसको अप्रत्यक्ष प्रभावबाट देशको खासगरी पूर्व र मध्य क्षेत्रका केही स्थान प्रभावित भई आगामी दुई दिनसम्म केही स्थानमा वर्षाका साथै उच्च हिमाली क्षेत्रमा हिमपात समेत हुन सक्ने तथा पूर्व र मध्यक्षेत्रमा खोलानालामा जलप्रवाहमा बढोत्तरी हुने भएकाले सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

राति देशको पूर्वी भूभागमा पूर्ण बदली रही बाँकी भूभाग बदली भई पूर्वी भूभागका केही स्थान र मध्य भूभागका एकदुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ । देशको पूर्वी भूभाग तथा मध्य पहाडी भूभागमा शुक्रबार सामान्य बदली रही पूर्वी भूभागका केही स्थान साथै मध्य र पश्चिमी पहाडी भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

शनिबार देशको मध्य तथा पूर्वी

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



## इलामको परिचय अलैंची


तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

इलाम जिल्लाको रोङ-४स्थित एक घरबारीमा लगाइएको अलैंची खेती। इलाम अलैंची उत्पादनको हिसावले देशमै चिनिएको जिल्ला हो। अलैंची खेती गर्न समुद्री सतहबाट ७०० मिटरदेखि २२०० मिटरसम्मको उचाइ, ८देखि २० डिग्री सेल्सियस तापक्रम, दोमट माटो र वार्षिक १५०० देखि ५००० मिलिमिटर वर्षा हुने सेपिलो उत्तर मोहडा भएको ठाउँ उपयुक्त मानिन्छ। डम्मरसाई, रामसाई, चिवेसाई, गोलसाई, राम्ला, साउने आदि अलैंचीका प्रमुख जात हुन्। डम्मरसाई ७०० देखि १२०० मिटरको उचाइसम्म र रामसाई त्यसभन्दा पनिमाथि २१०० मिटरसम्ममा लगाउन सकिन्छ।

# शहरमा लकडाउन, गाउँमा धमाधम

**मंगलबारे, जेठ ८।** नेपाल पुनःनिर्माण प्राधिकरण अन्तर्गत नुवाकोटमा कार्यरत सवइञ्जिनियर बासु खनाल बन्दाबन्दी हुनुभन्दा केहीदिनअघि आफ्नो घर इलाम आए। देउमाई नगरपालिका-२का स्थायी बासिन्दा उनी हाल घरायसी काममा व्यस्त छन्। खनाल दाउरा काट्ने, मकै गोड्ने, चिया टिप्नेलगायतका काममा व्यस्त भएका छन्। उनी गाउँमा यतिखेर मेलापर्म गर्दै आएका छन्। तर केही कामका लागि बजार जान भने कठिन भएको उनको भनाइ छ।

त्यस्तै मुस्ताङमा शिक्षण पेशामा रहेका प्रकाश सुवेदी पनि गएको चैत १० गते देउमाई नगरपालिकास्थित घरमा आए। उनी पनि करिब दुई महिनायता घरायसी काममा नै व्यस्त रहेका छन्। देशमा बन्दाबन्दी शुरु भएपछि गाउँघरमा हुने दैनिक कार्य तथा कृषि कार्यमा पनि कुनै कमी आएको छैन। हालसम्म बजारमा खाद्यान्न अभाव नभएकाले बजार जानसमेत खासै समस्या नभएको ग्रामीण क्षेत्रका बासिन्दाको भनाइ छ। तर, गाउँमा उत्पादित वस्तु बजारसम्म लैजान नपाउँदा भने समस्या भइरहेको छ।

गाउँमा मानिस काममा व्यस्त रहे पनि बजारक्षेत्रका मानिसको दैनिकी भने घरभित्रै बित्ने गरेको छ। बजारमा पसल गर्ने मानिस केहीले त्रासकाबीच सेवा दिइरहेका छन् भने कतिपयले पसल नै छोडिसकेको बताउने गरेका छन्। मासिक भाडामात्र तिर्नुपर्ने भएकाले पसल नै नगर्ने सोच बनाएको उनीहरु बताउँछन्। इलाम नगरपालिका-६ खरेलडाँडाका बालकुमार पोखेलले इलाम बजारको फलफूल तथा तरकारी पसल बन्द गरेका छन्। मासिक रु. १० हजार भाडा तिर्नुपर्ने तर बिक्री हुन छोडेपछि बन्द गरेको उनको भनाइ छ।

कोरोना भाइरसको संक्रमण बढ्ने भएपछि सरकारले गत चैत ११ गतेदेखि देशमा बन्दाबन्दीको घोषणा गरेको थियो। करिब दुई महिनायता जारी लकडाउनको इलामलगायत देशैभर प्रभाव परेको छ।

इलाम सन्दकपुरका सुमन सुवेदीको इलाम नगरपालिकाको इलाम बजारमा बिजुलीका सामानको पसल छ। उनी पनि अहिले पसल छोडेर घर फर्किएर घरायसी काममा व्यस्त छन्। दुई महिनादेखि पसल बन्द हुँदा कसरी जीविका चलाउने भन्ने चिन्ता त छँदैछ उता मासिक भाडा तिर्न पनि समस्या भएको उनको भनाइ छ। अब भने उनले गाउँमा बाख्रापालन शुरु गर्ने सोच बनाएको सुनाए।

किनमेलका लागि मानिस समय मिलाएर बजार जाने गरेका छन्। तर बजार पनि प्रायः सुनसान नै बन्दै गएको छ। इलाम उद्योग वाणिज्य संघले इलाम बजारमा बिहान १०:३० बजेसम्म तरकारी तथा खाद्यान्न पसल खुला गर्न निर्देशन दिएको छ। बेलुका पनि ५ बजेबाट एक घण्टा बजारमा आवतजावत गर्न दिइएको छ। वाणिज्य संघका अध्यक्ष ईश्वर चिपालुले सामाजिक दूरी कायम गर्दै उपभोक्ता, व्यापारी तथा व्यवसायीलाई किनमेल गर्न आग्रह गरेका छन्। दिउँसो भने अस्पताल आवतजावत गर्ने मात्र बजारमा देखिने गरेका छन्।

लकडाउन शुरु भएपछि सबैभन्दा बढी पीडित दैनिक ज्यालादारीमा काम गर्ने मजदुर भएका छन्। दैनिक काम गरेर खानेहरुको काम रोकिएपछि समस्या भएको उनीहरुको भनाइ छ। लकडाउन भएपछि पसल गर्ने र सवारीसाधन सञ्चालन गर्नेहरु पनि उत्तिकै समस्यामा छन्। पसल बन्द भएपछि पसलको भाडा, बैंकको ऋण र ब्याज कसरी तिर्ने भन्ने चिन्ता छाएको व्यापारीको भनाइ छ। सवारी सञ्चालक पनि बैंक तथा सहकारीको ऋणसँगै चालकको तलबको विषयमा चिन्तित छन्।

उता सवारी सञ्चालकको विषयमा सरकारले केही सोच्नु आवश्यक रहेको व्यवसायी बताउँछन्। बैंक, बीमा तथा वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीसमेत पालो गरेर कार्यालयमा उपस्थित हुने गरेका छन्। उनीहरुको समस्या पनि उस्तै छ। सवारीको पास लिएर केहीले घरबाट धाउनुपरेको छ भने जिल्ला बाहिरबाट आएकाहरुले कोठामा नै बसेर काम गरिरहेको बताउने गरेका छन्।

## खोटाङमा पैदल आवतजावतमा रोक

**खोटाङ, जेठ ८।** कोरोना भाइरसको जोखिम हुन नदिन रावाबँसी गाउँपालिकाले सीमानाकामा हुने आवतजावतमा रोक लगाएको छ। हलेसी तुवाचुङ नगरपालिकामा एक युवकलाई कोरोना सङ्क्रमण भएको पुष्टि भएपछि सो गाउँपालिकाले बन्दाबन्दीको अवधिभर सबै प्रकारका गाडी तथा पैदल आवतजावतमा रोक लगाएको हो।

गाउँपालिकास्तरीय कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समन्वय समितिको बैठकले गाउँपालिकाको सबै नाकाबाट हुने आवतजावत बन्द गर्ने निर्णय गरिएको गाउँपालिका प्रमुख लीलानाथ निरौलाले जानकारी दिए। छिमेकी स्थानीय तहमा कोरोना सङ्क्रमित भेटिएसँगै आफ्नो क्षेत्रमा पनि गाउँपालिकाभित्र सञ्चालित होटल पूर्णरुपमा बन्द गर्न निर्देशन दिइएको छ- उनले भने- आगामी जेठ १६ गतेसम्म गाउँपालिकाको कार्यालयबाट अत्यावश्यक बाहेकका अन्य काम समेत बन्द गरिएको छ। बन्दाबन्दीको अवधिभर गाउँपालिकाभित्रका खाद्य पसल दैनिक बिहान ७ देखि ९ बजेसम्म र साँझ ४ देखि ५ बजेसम्म मात्र खुला गरिने जनाइएको छ। हलेसी तुवाचुङ नगरपालिका-७ महादेवीस्थानका २० वर्षीय युवक कोरोना सङ्क्रमित रहेको पुष्टि भएपछि उक्त नगरपालिका अनिश्चितकालीन बन्द गरिएको छ।

दश स्थानीय तह रहेको जिल्लामा राजधानी काठमाडौँबाट उद्धार गरेर ल्याइएका हलेसीका एक युवकमा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। जिल्लामै पहिलोपटक हलेसीमा कोरोना सङ्क्रमित भेटिएपछि सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रमा अपनाउनुपर्ने सतर्कतालाई कडाइका साथ लागू गरेका छन्।

# रोङमा उच्च सतर्कता

**गणेश अर्याल**

**इलाम, जेठ ८।** झापामा कोभिड-१९ को संक्रमण बढेपछि सीमानामा रहेको इलामको रोङ गाउँपालिकामा उच्च सतर्कता अपनाइएको छ। पालिकामा भित्रिने मानिसको व्यवस्थापनदेखि क्वारेन्टाइन व्यवस्थापनसम्मको काम अन्तिम चरणमा पुगेको छ।

इलामको रोङ गाउँपालिकामा दुई प्रकारको क्वारेन्टाइन बनाउने काम भइरहेको छ। एक सय बेड क्षमताको होल्डिङ क्वारेन्टाइन र बाँकी बिशेष क्वारेन्टाइन बनाउन लागिएको हो।

जिल्लाको दक्षिणी नाका तथा जिल्ला प्रवेशको पहिलो पालिका भएकाले रोङमा दुई प्रकारको क्वारेन्टाइन आवश्यक परेको गाउँपालिका अध्यक्ष शम्सेर राईले बताए। 'पशुपतिनगर नाका र जिल्लाकै अन्य स्थान बाट इलाम बाहिर लानुपर्ने अवस्था र झापा लगायतका अन्य जिल्लाबाट इलाम हुँदै भित्रिने मानिसहरुलाइ केही दिन यहाँ होल्ड गर्नुपर्ने अवस्था हुने भयो'- गाउँपालिका अध्यक्ष शम्सेर राईले भने- यसरी राख्दा सुरक्षाको दृष्टिकोषले अरुसँगै राख्नुभन्दा फरक व्यवस्थापनमा राख्नुपर्ने स्वास्थ्यकर्मीको सुझाब आएकाले होल्डिङ क्वारेन्टाइन बनाउनुपर्ने आवश्यकता परेको हो। आवश्यकता अनुसार कुन क्वारेन्टाइनमा होल्ड गर्नेहो अवस्था र परिस्थिति अनुसार व्यवस्थापन गरिने गाउँपालिकाले जनाएको छ।

तत्काल बिष्णु अमर माबि रोङ-२ उमामहेश्वर नाखोपा रोङ-५ र वडा नम्बर- ६को मोतिराम माबिमा क्वारेन्टाइन बनाउने तयारी भइरहेको छ। मोतिराम माबिमा ६० बेड क्षमता, उमामहेश्वर माबिमा ७० बेड क्षमता र बिष्णु अमर माबिमा ६० बेडको क्वारेन्टाइन बनाउने अन्तिम तयारी भइरहेको छ। आठ स्थानमा क्वारेन्टाइन बनाउने तयारी भए पनि हाल थप तीन स्थानमा बनाउँदै गरेको अवस्थामा रहेको गाउँपालिका अध्यक्ष राईले बताए। स्वास्थ्यकर्मी र सुरक्षाकर्मी सगै बस्ने गरीको व्यवस्था मिलाउनुपर्ने भएकाले शुरुमा यी तीन स्थानको छनौट भएको उनको भनाइ छ।

स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि गर्दै स्वाव संकलन गर्न सक्ने बनाउने पनि तयारी भएको छ। गाउँपालिकाले स्वास्थ्य शाखाका २ जना कर्मचारी अथवा स्वास्थ्य कर्मीलाई स्वाब संकलन गर्न सक्ने बनाउन तालिममा पठाएको अध्यक्ष राईले बताए। गाउँपालिकाले आफै स्वाव संकलन गर्ने किट खरिद गर्ने पनि तयारी गरिरहेको छ। करिब ५ सय थान किट खरिदको लागि तयारी शुरु भएको स्वास्थ्य शाखाले पनि जनाएको छ। जिल्ला प्रशासन कार्यालयको सहकार्यमा किट खरिदको काम शुरु भएको स्वास्थ्य शाखा प्रमुख नेत्रप्रसाद पोखरेलले बताए।

यसैबीच बिदेशबाट आउने रोङबासीको लगत व्यवस्थापन तथा अन्य सहयोग गर्नका लागि गाउँपालिकाले शिक्षक तथा कर्मचारीहरु परिचालन गरेको छ। कार्यपालिकाको जेठ २ गतेको बैठकले क्वारेन्टाइनको व्यवस्थापन, गाउँ-गाउँमा सचेतनात्मक कार्यहरु गर्नको लागि आव्हान सहित परिचालन गर्ने निर्णय गरेको रोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप गौतमले बताए।

## वृद्धभत्ता लिन जाँदा ज्यान गयो

**धादिङ, जेठ ८।** गङ्गाजमुना गाउँपालिकाका एक वृद्ध सामाजिक सुरक्षा भत्ता लिन जाँदा बैंकमा बेहोस भएर मृत्यु भएको छ।

गङ्गाजमुना-४ ठकुरीडाँडाका दमको रोगी ८३ वर्षीय रामबहादुर गुरुङ वृद्धभत्ता झिक्न जाँदा फूलखर्कमा रहेको एसबीआई बैंकमा बेहोश भइ ढलेका थिए।

बैंकमा लाम बसेका वृद्धको उपचारका लागि लाँदै गर्दा मृत्यु भएको गाउँपालिका स्वास्थ्य संयोजक दीपक अधिकारीले जानकारी दिए।

## दूधकोशीमा नुहाउँदा...

**भोजपुर, जेठ ८।** भोजपुरको आमचोक गाउँपालिका-९ माझखानी बस्ने २१ बर्षीय अशोक श्रेष्ठको दूधकोशी नदीले बगाएर मृत्यु भएको छ।

दुधकोशी नदीमा पौडी खेल्न गएका श्रेष्ठ गोजेपाथर बगरमा मृत फेला परेको भनी स्थानीयले जानकारी गराएसँगै इलाका प्रहरी कार्यालय घोडेटार र प्रहरी चौकी बालाङखाबाट खटिएको प्रहरी टोलीले मृतकको कानूनी प्रकृया पुरा गरी अनुसन्धान भइरहेको जनाएको छ।

## घुस बुझाउने कर्मचारी पक्राउ

**विराटनगर, जेठ ८।** प्रदेश नं. १ आर्थिक मामिला तथा योजना मन्त्रालयका कर्मचारीलाई घुस रकम बुझाउन खोजेको अभियोगमा जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन कार्यालय मोरङका डिभिजन प्रमुख आनन्दकुमार झालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको छ।

डिभिजन प्रमुख झाले आर्थिक मामिला मन्त्रालयको बजेट योजना तथा कार्यक्रम महाशाखामा कार्यरत शाखा अधिकृत विदुर पौडेललाई रु. १० हजार बुझाउन खोजेको अभियोग लगाइएको छ। झाले उक्त रकम खाममा राखेर आफ्नो कार्यकक्षको टेबलको घर्रामा राखिदिएको र त्यसबारे सोध्दा उनले केही नभएको पौडेलले बताएका छन्। झाले आफूले पौडेललाई रु. १० हजार खाममा राखेर टेबलमा राखिदिएको तर पौडेलले अस्वीकार गरेको जनाएका छन्। उक्त घटना भएपछि शाखा अधिकृत पौडेलले भ्रष्टाचारजन्य कसुरमा सजाय गराइ पाऊँ भनी निवेदन दिएका थिए।

सो घटनाको सामान्य जानकारीपछि प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राईले ठाडो आदेश दिँदै घटनामा सङ्लग्नलाई आयोगमा बुझाउन निर्देशन दिए लगत्तै आयोगको इटहरीस्थित कार्यालयले झालाई पक्राउ गरेको हो।

आर्थिक मामिला मन्त्रालयमा महिनौँदेखि अन्य मन्त्रालय तथा कार्यालयको फाइल रोकिँदै आएको गुनासो आएको छ। भर्खरै मात्र पौडेल रहेको महाशाखाका प्रमुख उपसचिव हरिहर पौडेलको सरुवा भएको थियो। उक्त शाखाका कर्मचारीले दुःख दिनाका साथै फाइलसमेत हराउने, फ्याँकिने र च्यातिने गरेको गुनासो अन्य मन्त्रालयका कर्मचारीले गर्दै आएका छन्।

# दक्षिण कोरियाले थप नेपाली श्रमिक लैजाने

**सउल, जेठ ८।** जेठमा हुनुपर्ने रोजगार अनुमति प्रणाली अन्तर्गत कोरियाली भाषा परीक्षा कोरोना भाइरसका कारण रोकियो।

परीक्षा रोकिए पनि दक्षिण कोरिया सरकारले भने भाषा परीक्षा तयारी गरिरहेका युवालाई डिजिटल प्रविधिमार्फत परीक्षामा सामेल गराई कोरिया ल्याउन तयार भएको जनाएको छ।

नेपालस्थित इपिएस कोरियाका एचआरडी प्रमुख पार्क ही सुङले रोजगार विभागमा भएको बैठकमा उक्त कुरा बताएका हुन्। उनका अनुसार पूर्वनिर्धारित तालिकानुसार जुन महिनामा हुनुपर्ने कोरियाली भाषा परीक्षा कोरोना भाइरसका कारण केहीपछि सरे पनि डिजिटल प्रविधिमार्फत भाषा परीक्षा लिन सकिनेछ।

इपिएस प्रणाली अन्तर्गत १६ देशका विदेशीहरु रोजगारीका लागि कोरियाली भाषा परीक्षा दिई कोरियामा श्रम गर्छन्। ती १६ देशमध्ये नेपाल पनि एक हो।

हरेक वर्ष लगभग सात हजार नेपाली युवाले कोरियामा प्रत्यक्षरूपमा रोजगारी पाउँदै आइरहेका छन्। यस वर्ष पनि सात हजार दरबन्दी नेपालका लागि छुट्याइएको थियो। कोरोना भाइरस महामारी रोक्न नेपाल सरकारले गरेको लकडाउनका कारण परीक्षा कहिले हुने भन्ने अनिश्चितता थियो। यसैबीच कोरिया सरकारको पक्षबाट यो निर्णय आएको हो।

**दक्षिण कोरियामा पठनपाठन**

कोरोना महामारीपछि बन् यहाँका विद्यालय पुनः सञ्चालन भएका छन्। कोरोना भाइरस केही साम्य हुन थालेपछि पहिलो चरणअन्तर्गत माध्यमिक तहका पठनपाठन बुधबारदेखि सञ्चालन भएका हुन्। पूर्वप्राथमिकदेखि अन्य तहका विद्यालय भने जुन ८ देखि सञ्चालन गरिने शिक्षा मन्त्रालयले बताएको छ।

गत फेब्रुअरीदेखि कोरोना भाइरसले महामारीको रुप लिएपछि सम्पूर्ण तहका विद्यालय बन्द भएका थिए। पुनः सञ्चालनमा आएका हरेक विद्यालयमा शिक्षक तथा विद्यार्थीको स्वास्थ्य निगरानी तथा सेल्फ आइसोलेसनलगायत कुरालाई बढी जोड दिइने बताइएको छ।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)


### झापामा ...

भएको छ। भीटीएम अर्थात् भाइरल ट्रान्सपोर्ट मिडियम भनेको स्वाब राख्ने भाँडो हो।

छलफलमा जिल्लास्तरीय समितिका संयोजक पोर्तेल, नेपाल कम्युनिष्ट पार्टी झापाका अध्यक्ष चिन्तन पाठक, नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, जनता समाजवादी पार्टी झापाका अध्यक्षद्वय अनुतसिंह राजवंशी र दीपेन बाला राई, राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका वरिष्ठ उपाध्यक्ष कमलप्रसाद खरेलले कोरोना महामारी नियन्त्रणमा झापामा भएको कामको समीक्षासहित आफ्नो धारणा राखेका थिए। उनीहरुले झापामा राजनीतिक दलहरुबीचको सहकार्य र एकताका कारण महामारी नियन्त्रणको कार्य प्रभावकारी रुपमा भएको निष्कर्ष निकालेका छन्। जिसस प्रमुख पोर्तेलले दलहरुले निर्वाह गरेको भूमिकाप्रति धन्यवाद ज्ञापन गरेका थिए।

'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीले महामारी नियन्त्रणका लागि जिल्लास्तरीय समिति तथा विभिन्न तहका सरकारसँग अभियानलाई जोड्दै साझेदारीमा कार्य गर्ने प्रतिबद्धता जनाएका छन्।

छलफलमा 'एकका लागि एक' अभियान अन्तर्गत साझेदार संस्थाले हालसम्म गरेको कामको समीक्षासहित संकटको बेला पुऱ्याएको योगदानप्रति धन्यवाद ज्ञापन गरिएको थियो। कोरोना नियन्त्रण जिल्लास्तरीय समिति र अभियानको सहभागितामा कोरोना उपचार, परीक्षणका लागि जिल्लास्तरमा तत्काल गर्नुपर्ने कार्यबारे अध्ययन गरी अघि बढ्ने सहमति समेत भएको छ।

सीमा क्षेत्रमा अहोरात्र खटिएका तर न्यूनतम् सुविधासमेत नपाई रहेका सुरक्षाकर्मीका लागि आधारभूत आवश्यकता तत्काल पूरा गर्न पहल गर्नेसमेत सहमति भएको छ। महामारीको अवस्था झन् जटिल बन्दै गएको अहिलेको अवस्थामा आर्थिक, सामाजिक, राजनीतिक रुपमा समेत अझ एकताबद्ध भई साझा र समन्वयात्मक ढंगले अघि बढ्ने दलहरुले प्रतिबद्धतासमेत व्यक्त गरेका छन्। दलका नेताहरुको एउटै आवाज थियो -'दलीय राजनीतिभन्दा माथि उठेर महामारी नियन्त्रणमा अघि बढ्नुको विकल्प छैन। सबै दल झापालाई तत्काल कोरोनामुक्त जिल्ला बनाउने अभियानमा अझ प्रयत्नशील रहनेछौं।'

कोरोना महामारी नियन्त्रणमा जिल्लास्तरीय समिति र दलहरुको भूमिका तथा कामको समीक्षा गरिएको थियो।

छलफलको संयोजन सम्वाद समूह झापाले गरेको थियो। जिल्लास्तरीय समितिका संयोजक तथा दलका नेताहरुले अबका दिनमा गर्नुपर्ने काम र भूमिकाको बारेमा समेत चर्चा गरेका थिए। 'एकका लागि एक' अभियानका संयोजक गिरीले अभियानको उद्देश्य र हालसम्मका कामबारे जानकारी गराएका थिए।

### कचनकवलमा ...

जना आइसकेका छन्। उनीहरूलाई गाउँपालिकाको विभिन्न क्वारेनटाइनमा लगेर राखिएको गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले जानकारी दिए। 'भारतबाट आएका गाउँवासीमा कोरोना भाइरस देखिएपछि अहिले गाउँवासीमा त्राससँगै आतङ्क छाएको होला'- अध्यक्ष आलम भन्छन्- 'तर गाउँवासीलाई त्राससँगै डराउनुपर्ने अवस्था छैन। भारतबाट अहिलेसम्म फर्किएका सबैलाई क्वारेन्टाइनमा लगेर राखेका छौं। उनीहरूलाई आफन्तसँगै छरछिमेकमा घुलमिल हुन दिएका छैनौं। त्यसैले आतङ्कित बन्ने काम छैन।

यस्तो बेलामा गाउँवासीले धैर्यतासँगै स्थानीय सरकार, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई सहयोग गर्नुपर्ने हुन्छ।' कोरोना रोकथामका लागि विभिन्न योजना बनाएर अघि बढिरहेको बताउँदै उनले भने- 'भारतबाट आउनेमाथि निगरानी बढाएका छौ, आउने जति कोही पनि गाउँ प्रवेश गर्न पाउने छैन।' कोरोना सङ्क्रमित देखा परेसँगै बुधवारदेखि नै ६ दिनका लागि गाउँपालिका सिल गरिएको छ।

### बिर्तामोड ...

समन्वयात्मक ढंगले आवश्यक कार्य अगाडि बढाउने।

२) स्वास्थ्य सेवाका अस्पताल, औषधि पसल, एम्बुलेन्स सेवा र शववाहन २४ घण्टै खुल्ला रहने।

३) दूग्ध उत्पादन र बिक्री-वितरण, कृषि वीऊ, विजन, मल, औषधिको सेवा, पशु सेवा उपचार सञ्चालन गर्ने।

४) तरकारीको बिक्री वितरण घुम्ती सेवाबाट मात्र विहान ८ बजेदेखि १२ बजेसम्म सञ्चालन गर्ने।

५) बिर्तामोड नगर क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण तथा आयोजनाहरु शुचारु गर्ने र सो को लागि आवश्यक पर्ने सामग्रीहरु नगरपालिकाले पास दिएका सवारी साधनहरुबाट मात्र ओसारपसार गर्ने।

### नेपालमा ...

भूभागमा सामान्य बदली रही पश्चिमी भूभागमा आंशिक बदली रही मध्य तथा पूर्वी भूभागका केही स्थान र पश्चिमी भूभागका थोरै स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ। महाशाखाको पछिल्लो विवरणानुसार काठमाडौं उपत्यकाको न्यूनतम् तापक्रम १६ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम ३० दशमलव तीन डिग्री सेल्सियस रहेको छ। सबैभन्दा कम जुम्लाको न्यूनतम् तापक्रम छ दशमलव चार डिग्री र सबैभन्दा बढी नेपालगञ्जको अधिकतम् तापक्रम ३८ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

### झगडा ...

दुई हप्ताअघि मात्रै इञ्चार्जको जिम्मेवारी सम्हाल्न पुगेका राईको घर भोजपुर रहेको र हाल दमकमा बसोबास रहेको बुझिएको अध्यक्ष तिवारीले बताए। सदरमुकामबाट ताप्लेजुङ प्रहरी प्रमुख तथा प्रहरी नायब उपरीक्षक महेन्द्र श्रेष्ठको नेतृत्वमा प्रहरीको टोलीले घटना बारे जानकारी लिएको थियो।





## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कनुहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

# अस्मिताको रक्षा गरौ

ऐतिहासिक तथ्यहरूका आधारमा काली नदीसम्मको भूभाग नेपालकै हो । सीमाविद्, परराष्ट्रविद्, पूर्व प्रशासक, इतिहासकार लगायतले पनि तथ्य, जानकारी र दस्तावेजहरूका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रको करिब चारसय वर्गकिलोमिटर जमिन नेपालकै अधिनमा रहेको बताइरहेका छन् । कोरोना भाइरसको महाप्रकोपका समय भारतले ती सबै भूभाग समेटेर राजनीतिक नक्सा सार्वजनिक गर्नु र संसदमा मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) को प्रसंग पुनर्जीवित हुनुले कतै अनिष्टको त संकेत गरिरहेको छैन आशंका पनि जन्माएको छ ।

सरकार अघिल्लो दिनसम्म भारतले नेपाली भूमिमा सडक खनेको बिषयमा अनभिज्ञ थियो । नेपाली भूमिको सुरक्षाको मुख्य जिम्मेवार मन्त्री त विवादास्पद भूमि नेपालको भूगोलमै नरहेको बताइरहेकी थिइन् । ऐतिहासिक तथ्यको जानकारी नै नलिई, बिना अध्ययन यस्तो संवेदनशील बिषयमा प्रतिक्रिया दिनुले एकातिर नेपालका नेतृत्वपंक्तिमा बस्नेहरू कति कमजोर छन् भन्ने देखाएको छ भने अर्कातिर उनीहरूको कद पनि घटाएको छ । भारतले यही बेला काली नदीवारिको नेपाली भूभागलाई समेटेर राजनीतिक नक्सा सार्वजनिक गरेपछि जनस्तरबाटै व्यापक बिरोध भयो । परिणामस्वरूप हाम्रो सरकार पनि भारतको हेपाहा चरित्रको प्रतिवाद गर्न बाध्य भयो । एकातिर महामारीबाट कसरी जोगिइन्छ भन्ने चिन्ता छ भने अर्कातिर सन्मुख भएको सार्वभौमिकता माथिको हस्तक्षेपबाट मुक्त हुन पर्ने चुनौति छ ।

भारतसँग समाज व्यवस्था, संस्कृति, भाषा, परम्परालगायतले समानता छ । यसलाई नवशक्तिका रूपमा उदाउन थालेको भारतले दुरूपयोग गर्नु हुँदैन । यस्तो व्यवहारले उसकै अन्तर्राष्ट्रिय छबि धुमिल हुन्छ । चीनसँग युद्ध हुँदाका बखत असल छिमेकीका नाताले उपयोग गर्न दिएको भूमि प्रयोजनका हिसाबले उतिबेलै छाड्नु पर्थ्यो । सत्रवटा क्याम्प खडा गरेको भारत तत्कालीन राजा महेन्द्र र प्रधानमन्त्री किर्तीनिधि बिष्टको प्रतिवाद पछि–पछि सरेको जानकारहरू बताउँछन् । सुगौली सन्धि अघि काँगडासम्म फैलिएको नेपालको भूगोल आज पनि 'ग्रेटर नेपाल' का रुपमा चर्चामा आउने गरेको छ । त्यत्रो बिशाल भूखण्ड निर्माण गर्ने पूर्खाहरूलाई आज प्रत्येक दिन मिचिएको घटनाले कति पीडा देला अनुमान गर्न सकिन्न ।

नेपालले कालीनदीसम्मको आफ्नो भूमिसहितको नक्सा सार्वजनिक गरे पछि भारत आक्रामक भएर प्रस्तुत हुन थालेको छ । उसका सञ्चारमाध्यमहरू मनगढन्ते तथ्य बनाएर, इतिहास बंग्याएर, कुतर्क गरेर ठूलो स्वरमा कराउन थालेका छन् । भारतीय सेना प्रमुखले दिएको प्रतिक्रिया होस् वा पूर्व सुरक्षाविद् अथवा नोकरशाही होउन् सबै नेपालविरुद्ध उभिएका छन् । यसबेला कराई तातिएको छ, यही समय हो बर्षौंदेखि कचल्टिएको समस्याको हल गर्ने । त्यसैले प्रधानमन्त्रीले यो समयको भरपूर उपयोग गर्नुपर्छ । जानकार, विज्ञता भएका, कुटनीतिक कौशल र दक्षता भएका व्यक्तिहरु सम्मिलित बुद्धिजीवीको सुझाव अनुशार वार्ताको तयारी गर्नुपर्छ । यसका लागि तथ्य–प्रमाणको संकलन, अभिलेखहरू, मुद्रा, चिठ्ठीपत्र, सरकारी कागजातहरू जुटाउनु सरकारकै दायित्व हो । राष्ट्र, राष्ट्रियता र सम्प्रभुता वाद वा बिचारको संकीर्णताभन्दा धेरैमाथि हुन्छ । अहिले त्यही देखिएको छ र सरकारले महामारीकै बीचमा उत्पन्न यो चुनौतिको सामना गरेर राष्ट्रको अस्मिताको रक्षा गर्नुपर्छ । यो तत्कालको आवश्यकता हो ।

# कोरोनाले आफ्नो उद्गम भूमिको राजनीतिक गुण बोक्यो


ओम आचार्य

कोरोनाको उद्गमस्थल चीनको वुहान हो र त्यहाँबाट द्रुतगतिमा विश्वभरि फैलियो । कोरोनाले आर्थिक, सामाजिक, सांस्कृतिक प्रभाव पार्दै यस्ले ठूलै राजनीतिक विसंगति र विकृति देखाउँदै छ । आर्थिक प्रभावको विषयमा अर्थशास्त्री, सामाजिक प्रभावको विषयमा समाजशास्त्रीले विश्लेषण गर्नै नै छन् ।

कोरोनाले सामाजिक सद्भाव पनि धमिलो बनाउँदै गयो । विश्वमा दुई विचारधारा छन यौटा मार्क्सवाद अर्थात् कम्युनिष्ट र अर्को लोकतन्त्र । तानाशाही, अधिनायकवादी र सर्वसत्तावादी सामान्यतया कम्युनिष्ट शासनमा नै देखिन्छ । लोकतन्त्रमा अभिव्यक्तिको स्वतन्त्रता, मानवअधिकार, नागरिक हक र अधिकार



अत्यन्त उच्च रहेको हुन्छ । यो कोरोनाले अहिले सारा विश्वलाई लोकतन्त्र र प्रजातान्त्रिक राष्ट्रका हिमायतीहरुलाई, मानवअधिकारवादीहरुलाई, पत्रकार जगतलाई, विचार र अभिव्यक्तिका अनुनायीहरुलाई अहिले पूरै लकडाउनमा राखेको छ । अहिले सडकमा निस्कन निषेध गरिएको छ, समूहमा भेला हुन रोक लगाएको छ । बजार सुनसान छ । अहिले सरकारले घरभित्रै रहन निर्देशित गरेको छ ।

मैले कसैको कविता पढेको थिएँ- 'बाघ पाल्न सक्छु , भालु पाल्न सक्छु तर हजुर मान्छे पाल्न सक्दिनँ' तर यो कविता कोरोनापछि मेल खाँदैन अहिले मान्छे पाल्न सजिलो छ, केही खोज्दैन उस्लाई स्वतन्त्रता चाहिँदैन हक् अधिकार चाहिँदैन मात्र खान दिए पुग्छ ।

सरकारमा बसेकाहरु, शक्तिमा रहेकाहरु, राष्ट्र प्रमुख , सरकार प्रमुख जहिल्यै पनि शक्ति सञ्चय गर्न, शक्ति प्राप्त गर्न आफ्नो अधिकार अरु बढाउन प्रयत्नशील रहन्छन् र त्यो उचित अवसरको प्रतिक्षामा र एकाएक घट्ने घटना र परिस्थितिलाई त्यस्ता शासकहरुले उचित अवसर बनाउँछन् । प्रथम विश्वयुद्ध, दोश्रो विश्वयुद्ध त्यसको उदाहरण हो- दोश्रो विश्वयुद्धमा राष्ट्रको सुरक्षार्थ , सार्वभौमको रक्षाको लागि तत्कालीन समयको सरकार प्रमुख राष्ट्र प्रमुखले असीमित अधिकार लिए, त्यति खेर नागरिक हकअधिकार समेत नागरिकमा नरहँदा समेत सरकारको, राष्ट्र प्रमुखको त्यो निर्णय जनताले समर्थन गरेका थिए ।

अहिले आएर कोरोनाको महामारीले विश्वमा आतंक मच्चाइरहँदा सरकारले नागरिकको हकअधिकार संकुचन गर्दै निर्णय गरेकोमा जनताबाट हार्दिकतापूर्वक स्वीकारेका छन् यो सरकारको लोककल्याणको लागि नागरिकको स्वास्थ्यको लागि जीवन रक्षाको लागि भएको हुँदा समर्थन गरेका छन् । यही कोरोना संक्रमण कै समयमा पनि भारतले अध्यादेश जारी गर्दै केही थप अधिकार जारी गरेको निर्णय गऱ्यो यसको पनि नागरिकले समर्थन गरे जुन अध्यादेश कोरोनाविरुद्ध खटिरहेका स्वास्थ्यकर्मीको सुरक्षार्थ थियो ।

यस्तो संकटको समयमा देशको रक्षार्थका लागि नागरिकको सुरक्षा एवम् जीवन रक्षाको लागी सरकार प्रमुख एवम् राष्ट्र प्रमुखहरुबाट गरिने निर्णय त्यो नागरिक हक अधिकारविरुद्ध नै किन नहोस् त्यो नागरिकले समर्थन गर्छन्/स्वीकार्छन् ।

तर हाम्रो देशमा सरकार अधिकार प्राप्त गर्न आफै मौकाको खोजीमा तल्लिनरहन्छ । यसरी अधिकार बढाउन मौका खोज्ने, अवसर खोज्ने सरकारले कहिल्यै पनि राष्ट्रको लागि, नागरिकको लागि निर्णय गर्दैन अस्ति भर्खर सरकारले दुई अध्यादेश जारी गऱ्यो ति अध्यादेश नितान्त राजनीतिक थिए, त्यो अध्यादेश कोरोना संक्रमणको न्यूनीकरण र त्यस्को उपचार र राहत सम्बन्धमा थिएन ।

सरकारको आफ्नो सर्वसत्तावादलाई अरु दरो गर्न ल्याइएका अध्यादेश थिए नागरिक र अन्य राजनीतिक दलको विरोधका कारण अध्यादेश फिर्ता लिनु पऱ्यो । नेकपाको सरकारले यहाँनेर बुझ्न सकेन यस्तो कोरोना संक्रमणको न्यूनीकरणको लागि, उपचारको लागि भनेर गरिने कुनै पनि निर्णय, अध्यादेश नागरिकले विरोध गर्ने छैन र यस सम्वन्ध नागरिकले आफ्नो हकअधिकारको खोजी पनि गर्दैनन् र अहिले सम्म गरेका पनि छैनन् ।

अहिले विश्व दुई खेमामा विभाजित छन् । एउटा अमेरिका र अर्को चीन । अमेरिका लोकतान्त्रिक सिद्धान्त विचारको नेतृत्व गर्छ भने चीन कम्युनिष्ट शासन व्यवस्थाको नेतृत्व गर्छ । अहिले कोरोनाबाट विश्वमा लाखौ मानिसको मृत्यु भइसकोको छ भने लाखौंमा संक्रमण छ कोरोनाले मानव जीवनमा ठूलो जोखिम ल्यायो कोरोनाले मानव स्वास्थ्यमा ठूलो संकट ल्यायो ठूला ठूला महाशक्ति राष्ट्रहरु पनि कोरोनाको उपचारमा कुनै भ्याक्सिन तयार गर्न नसकेर हार्दै गएका छन् ।

यो त स्वास्थ्य क्षेत्रको कुरा भयो राजनीतिक रुपमा पनि लोकतन्त्रको रक्षाको लागि, मानवाधिकारको लागि, विचार र अभिव्यक्ति स्वतन्त्रताको लागि 'पिता' को रुपमा आफूलाई स्थापित गरेको अमेरिका जस्तो महाशक्ति राष्ट्र पनि अहिले कोरोनाको अगाडि निरीह बन्दै सम्पुर्ण नागरिक अधिकार खुम्चाउँदै लकडाउनमा छ ।

चीन पनि महाशक्ति राष्ट्रमा स्थापित हुँदैछ । आज कम्युनिष्टमुलुक चीनको वुहान जस्लाई कोरोनाको उद्गमस्थल भनिन्छ त्यो कोरोनाले विश्वभरिका लोकतान्त्रिक राष्ट्रहरुलाई निरीह बनायो घुँडा टेकायो र मानव अधिकार, नागरिक अधिकार विचार र अभिव्यक्ति को स्वतन्त्रता आफैंले संकुचन गर्दै खान र बाँच्न पाए हुन्छमा पुग्यो । कोरोनाले आफ्नो उद्गम भूमिको राजनीतिक गुण बोकेर धर्म निर्वाह गऱ्यो ।

# प्रकृतिको संरक्षणमा जुट्ने कि ?


रवीकुमार वान्तवा

कोरोना महामारीले विश्वका मानवजातिलाई आफनो निशानामा पारिरहेको यो संकटको बेला किरात राईहरुको साकेला उभौली पर्व पनि ओझेलमा परेको छ । बैशाख पूर्णिमादेखि १५ दिनसम्म विभिन्न साकेला थानहरुमा नाचगानसहित पूजापाठ गरी धुमधामसाथ मनाइने यो पर्व सुनसान रुपमा आफ्नो श्रद्धालुहरुलाई एकान्तवास बसाउँदै जाने तरखरमा छ ।

प्रकृति र पितृहरुप्रति आस्था राख्ने किराती राईहरु सरकारले जारी गरेको बन्दाबन्दी (लकडाउन)को पालना गर्दै घरमा नै आफ्नो परिवारसंग एकान्तवासमा समय बिताइरहँदा साकेला पर्वको त्यो रौनक र समूहलाई छुट्याइरहेको छ । प्रकृतिमाथिको बढ्दो विनाशले निम्ताएको महामारीको छिटाबाट प्रकृति पुजक आदिबासी जनजातिहरु पनि अछुतो रहने छैनन् ।

यो महामारीले मानिसको चहलपहल र व्यवहारमा स्थिरता ल्याए पनि समय आफ्नो गतिमा दौडी नै रहने छ । समयको गतिसँगै पृथ्वीले सूर्यको परिक्रमा गर्न भने छाड्ने छैन । सायद यो पृथ्वीको सूर्यप्रतिको आदर हो वा कर्तव्य, नभए सजाय पनि त हुन सक्छ । विज्ञानलाई सापट लिँदा आकाशगंगामा देखिएका लाखौ तारामण्डलहरुमध्येको सौर्य मण्डलमा हामी छौं । गुरुत्वबलको अदृष्य लगाममा बाँधिएर पृथ्वीसहितको नौ वटाग्रहले करोडौ बर्षदेखि सूर्यको परिक्रमा गरिरहेको छ ।

यसरी नै परिक्रमा गरिरहँदा साल फेरिने छ, ऋतु र महिनाहरु दोरिएर पुनः आउने छ अनि आउने छ फेरि साकेला, दशैतिहार र ल्होसार जस्ता धार्मिक पर्वहरु नयाँ उत्साव लिएर । प्राकृतिक सौन्दर्यको यो बिशाल बगैंचामा मानवसहित थुप्रै प्राणीहरुको अस्तित्वलाई आत्मासाथ गर्दै पृथ्वीले आफ्नो गतिलाई निरन्तरता दिइरहँदा बगैंचाको स्वामित्व मानिस आफैले मात्र लिइरहेको छ ।

मानव अस्तित्वलाई नै चुनौति दिइरहेको कोरोनाको कारण प्राकृतिक श्रोतमाथि गरिने मानवीय अतिक्रमणबाट पृथ्वीले केही समयको लागि भए पनि छुटकारा पाएको छ । प्रकृतिमा रमाउने हरेक चराचुरुङ्गी, जनावर र किराफटेङ्गाहरु स्वतन्त्र रुपमा रमाउन पाइरहेका छन् । धुँवा र धुलोको मिश्रणलाई वायुमण्डलले ग्रहण गर्नु परेको छैन त्यसैले त हिमाल र पहाडहरु बिहानीको समयमा सूर्यको किरण पाउँदा मुस्कुराई रहेको टाढा-टाढाबाट पनि देख्न सक्छौ । निलो त्यो आकशको मैदानमा सेता-सेता बादलका समूहहरु धेरै माथि विभिन्न आकृति बनाउँदै रिले दौडमा सहभागी भएजस्तो देखिन्छ । तराइका फाँटहरु शान्तसँग सुस्ताइरहेका छन् । घाम डुब्नै लाग्दा पर क्षितिजमा पहेंलो रङ्गको बर्की ओढ्दै गरेको प्रकृतिले रातको अँध्यारोलाई स्वागत गर्न तम्तयार भए जस्तो देखिन्छ । लाखौ ताराहरुको चमकसँगै एकचोटी पृथ्वी पनि आफ्नो पीडालाई भुलेर मुस्कुराउने कोशिस गर्दै छ । सायद उसलाई थाह छ मानिसरुपी भाइरसको कारण ऊ रोगी भइसकेको छ ।

प्रकृतिलाई कच्चा पदार्थको भण्डारका रुपमा अति धेरै उपभोग गर्ने नाफामूलक बजार अर्थतन्त्रले गर्दा पृथ्वीको वातावरणीय आकृति नै परिवर्तन भएको छ । अहिले हाम्रा धेरै व्यवहारहरु प्रकृतिमैत्री छैनन् । धन र शक्तिको सांसरिक लोभमा परेर आफूलाई अब्बल देखाउन वन जंगल, खोलानाला, समुद्र हुँदै हिमाल, पहाडदेखि जमिनमा भएको केही पनि नछोड्ने छुकछुके प्रवृत्तिले मानिसलाई दशटाउके रावणमा परिणत गरिदिएको छ । पृथ्वीलाई मानिस बाहेक अरु प्राणीहरुले पनि उपभोग गर्ने अधिकारलाई हामीले बिर्सिदिएका छौं । आधुनिकता र विकासको भ्रममा हरिया वनजंगल र प्राकृतिक स्रोतहरुको बिनाश गर्दै कंक्रिटको शहररुपी जंगल निर्माण गर्दैछौं, जहाँ आफूले आफैलाई सर्वश्रेष्ठ घोषणा गरेको प्राणीहरुको भीडहरु दिनप्रतिदिन बढ्दैछ । हामीले प्रकृतिबाट आफ्नो स्वर्थ पूरा गर्दैगर्दा अरु जीवजन्तु र पन्छीहरुसहित बनस्पतिहरुको अस्तित्वलाई स्वीकार्न सकेनौ ।

संरक्षणभन्दा प्राकृतिक स्रोतको उत्खनन् गर्ने, प्रशोधन गर्ने, बेच्ने, संग्रह गर्ने र जति सक्दो नरितिएसम्म उपभोग गरिरहने बानीले आफ्नै अस्तित्व संकटमा परेको कोरोनाले सम्झाइदिँदैछ । अष्ट्रेलियन दार्शनिक टोबी आर्डले मार्च २०२०मा प्रकाशित गरेको पुस्तकमा मानिसको उपलब्धीले मानिसलाई नै गर्ने नोक्सानबारे तर्कहरु अघि सारेका छन् । विभिन्न लोभ र लालचामा परेर हामीले प्रकृति रुपी सीताको हरण गरिसकेका छौं । सायद हुन सक्छ कोभिड-१९ हतियारसहित अदृष्य शक्तिमा राम र बाँदर सेनाहरु सीतारुपी प्रकृतिको रक्षार्थ यस धर्तीमा झरिसके ।

प्रकृति पुजक आदिबासी जनजातिहरुले आफ्नो संस्कार त बचाए तर प्राकृतिक स्रोतको संरक्षण भने गर्ने सकेनन् । आफैले पुज्ने देबिथान, खोलानाला, नदी, बनजंगल र जीवजन्तुको विनाशमा अरु जातीको मानिस सरह संलग्न भइ नै रहेका छन् । फलस्वरुप प्रकृतिबाट केही जीवजन्तु र बनस्पति लोप भए जसरी केही मानवजाति लोप हुने अवस्थामा पुगेको छ । सन् १९५८मा बैज्ञानिक कार्ल लिली यसले मानिसलाई बुद्धिमान मानिसको उपमा दिएका थिए । तर, आज बुद्धिमान मानिसको हर्कतले कोरोना जस्तो महामारीलाई निम्ता दिइसकेका छन् । अनुसन्धानकर्ताहरुको अध्यायनले बिभिन्न तथ्य र अनुमान अघि सारे पनि यो कोभिड १९ कहाँबाट र कुन माध्यम हुँदै फैलियो यसको थप अनुसन्धान जारी नै छ । अहिलेको महामारी मानिसले प्रकृतिमाथि गरेको दोहनको परिणाम हो भन्ने धेरै बिद्वानहरुको तर्क छ । सायद तपाई र म पनि यो महामारीको दण्डबाट छुटकारा पाउने छैनौ तर पनि जोगिनु त पर्छ नै, मृत्युभन्दा ठूलो क्षति यो जगतमा के नै हुनसक्छ र ।

# विश्वभर कोरोना संक्रमितको संख्या डरलाग्दो : डब्लुएचओ

**वासिङ्टन, जेठ ८।** विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरसबाट संक्रमितको संख्या एकै दिन ठूलो संख्यामा भेटिएको जनाएकै दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'सामान्यीकरण' को सङ्केतका रूपमा वार्षिक जी७ शिखर सम्मेलनका लागि नेताहरुको बैठक गर्न प्रस्ताव राख्नु भएको छ ।

डब्लुएचओले बुधबार एकै दिन १ लाख ६ हजारभन्दा बढी भाइरसका बिरामी भेटिएको जनाएको छ । गत डिसेम्बरमा चीनको वुहानमा कोरोना संक्रमण देखिएपछि पहिलोपटक यो सबैभन्दा ठूलो संख्या देखिएको हो ।

डब्लुएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेरियससले आफू निम्न र मध्यम आय भएका देशहरूको अवस्थाबाट 'धेरै चिन्तित' भएको बताउनुभएको छ । दक्षिण अमेरिकी देशहरुमा पछिल्ला दिनहरूमा संक्रमणको दर निकै बढेको छ । केही मुलुकले लकडाउन खुकुलो बनाए पनि संक्रमण बढेसँगै पुनःस्थापित गरेका छन् । ब्राजिलमा सबैभन्दा बढी बिरामी भेटिएका छन् । यहाँ विश्वमै तेस्रो सर्वाधिक संख्यामा संक्रमित देखिएका छन् । पेरू, मेक्सिको र चिलीमा पनि संक्रमण लगातार वृद्धि भइरहेको छ ।




ब्राजिलका स्वास्थ्य अधिकारीहरूले एकैदिन १ हजार १७९ नयाँ कोरोनाभाइरस संक्रमितको मृत्यु भएको बताएका छन्, जबकि दक्षिणपन्थी राष्ट्रपति जेयर बोल्सोनारोले लकडाउनको कडा विरोध गर्दै आएका छन् । उनले विशेषज्ञहरूको सल्लाह विपरीत क्षेत्रीय गभर्नरहरूलाई लकडाउन हटाउन दबाब दिइरहेका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पले जस्तै बोल्सोनारोले भाइरसको उपचारमा औलोको औषधिको प्रयोगलाई बढावा दिएका छन् । तर अध्ययनहरुले औलोको यो औषधि कोरोनाभाइरसको उपचारमा खासै फाइदाजनक नरहेको र शरीरलाई निकै हानी गर्ने बताएका छन् ।

आगामी नोभेम्बरमा पुनः निर्वाचनको सम्मुखमा रहेका राष्ट्रपति ट्रम्पले अमेरिकी अर्थव्यवस्थालाई पुर्नजीवित तुल्याउने अडान पुनः राखेका छन् । उनले अमेरिका पुरानै लयमा फर्कने बताउँदै आगामी जुनमा आयोजना हुने सात प्रमुख औद्योगिक राष्ट्र (जि७) को शिखर सम्मेलनमा नेताहरुको उपस्थिति हुनेमा आफू आशावादी रहेको बताए ।

'म यो सम्मेलन वासिङ्टन डिसीको क्याम्प डेभिडमा गर्ने विचार गर्दैछु- उनले भने । अरु नेताहरु पनि सहभागी हुनु हुनेछ । यो सबैका लागि ठूलो संकेत हुनेछ - सामान्यीकरण ! जी ७का देशहरू - बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी, इटाली, जापान र संयुक्तराज्य अमेरिका-ले वार्षिक शिखर सम्मेलन आलोपालो आयोजना गर्ने प्रचलन छ ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोको कार्यालयले 'स्वास्थ्य स्थितिले अनुमति दिएमा' उपस्थित हुने जनाएको छ । जर्मन चान्सलर एन्जेला मर्केलले आफू 'पर्ख र हेरको अवस्थामा रहेको' बताए ।

विश्वव्यापी रुपमा कोरोनाभाइरसका कारण मृत्यु हुनेको संख्या ३ लाख २५ हजारभन्दा बढी र झण्डै ५० लाख मानिस संक्रमित भएका छन् । यसबीच विश्वभरिका सरकारहरू खोपको आशामा रहेका छन् ।

भाइरस निर्माणका सन्दर्भमा उत्साहजनक खबरहरु आइरहेका छन् । एउटा अध्ययनमा बाँदरहरूमा गरिएको प्रयोगमा मानिसहरूले भाइरस प्रतिरोधात्मक क्षमता विकास गर्न सक्ने देखाएको छ ।

यसैबीच, युरोपमा संक्रमण र मृत्यु दरमा ठूलै कमी आएपछि लकडाउन खुकुलो बनाउन थालिएको छ । एसियाका देशहरूमा पनि बिस्तारै खुकुलोपन ल्याउन थालिएको छ । भारतमा दुई महिनाको लकडाउन पछि मे २५ बाट घरेलु हवाई यात्रा पुनः शुरु हुँदैछ । भारतमा एकै दिन ५ हजार ६०० भन्दा बढी नयाँ कोरोना संक्रमित देखिए पनि व्यवसाय, यातायात र अन्य क्षेत्रमा बिस्तारै सहजता आउन थालेको छ ।

चीन, दक्षिण कोरिया, जापान र सिंगापुरले पनि व्यवसायहरु खोल्नुका साथै आम जनजीवनमा सहजीकरण गर्न थालेका छन् ।

## विश्वभर संक्रमित ५१ लाखभन्दा बढी

**जेनेभा, जेठ ८।** कोरोनाभाइरसका कारण विश्वभर ३ लाख २९ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ५० लाख नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार बिहीबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा एक लाख ४७४ जना नयाँ संक्रमित भेटिएका छन् । यसअघि अघिल्लो २४ घण्टामा विश्वमा ९४ हजार ८१३ जना नयाँ संक्रमित भेटिएका थिए । विगत २४ घण्टामा विश्वभर ४ हजार ६८५ जनाको ज्यान गएको छ । प्राप्त समाचार अनुसार विश्वभर करिब ४५ हजार ७९६ जनाको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २६ लाख ९० हजारको स्वास्थ्य अवस्था सामान्य वा मध्यम छ ।

युरोपेली मुलुकहरुमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । पछिल्लो विवरण अनुसार बेलायतमा ३५ हजार ७०४ जनाको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ । संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ ।

# श्रीमतीले १० वर्षसम्म बलात्कार गरेपछि...



साधारणतया घरेलु हिंसाका पीडित धेरैजसो महिला नै हुन्छन् । संयुक्त राष्ट्रको आँकडा अनुसार संसारको एक तिहाई महिला र किशोरी आफ्नो जीवनमा कुनै न कुनै बेला घरेलु वा यौन हिंसाको शिकार हुने गर्छन् ।

पुरुषमाथि हुने घरेलु हिंसाका घटना कमै सार्वजनिक हुन्छन् र यसबारे कमै चर्चा हुने गर्छ । यो विषयलाई धेरैजसो स्थानमा भेदभावयुक्त नजरले हेरिन्छ र अधिकांश पीडितले यो संघर्ष एक्लै सामना गर्नुपर्छ । युक्रेनका एक यस्तै युवकले आफ्नो नाम सार्वजनिक नगर्ने शर्तमा आफ्नो कहानी सुनाएका छन् । उनले बीबीसीसँगको कुराकानी यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

**बाहिरबाट निकै सुन्दर देखिन्थ्यो तर...**

मलाई थाहा छैन कि मेरा साथीहरुले कहिले यसबारे शंका गरे वा गरेनन् । बाहिरबाट हेर्दा निकै राम्रो देखिन्थ्यो । मुस्कुराएको अनुहार, साथी, अत्यधिक पैसा र आत्मविश्वास । हामीले सँग-सँगै आधा संसार घुम्यौं ।

जब हामी सँगै यात्रामा निस्कन्थ्यौं तब मलाई डर लाग्दैनथ्यो । उनले अरुको अगाडि मलाई चोट पुऱ्याउने आँट गर्दिनथिन् । सबैभन्दा महत्वपूर्ण थियो, एक्लै हुँदा उनीबाट बच्नु । मलाई हालै महशुस भइरहेको छ कि मेरी पूर्व श्रीमतीले पछिल्लो १० वर्षदेखि मेरो बलात्कार गरिरहेकी थिइन् । इरा मेरो जीवनमा आएकी पहिलो महिला थिइन् । जब हामी भेट्यौं, हामी करिब २० वर्षका थियौं । उनले नै मलाई प्रस्ताव राखेकी थिइन् ।

मेरा आमाबुवाले यदि मैले कसैलाई डेट गरिरहेको छु भने मैले तुरुन्त घर छोड्नुपर्ने बताउनुभयो । अर्को शब्दमा भन्ने हो भने सम्बन्ध शुरु गर्नुको अर्थ आफ्नो परिवार र आफ्नो टाउकोमाथिको छतलगायतको सबैकुरा छोड्नु थियो । एकदिन भित्र मैले सबैकुरा गुमाउनुपऱ्यो ।

यो डरलाग्दो थियो, तसर्थ जब मसँग छुट्टै बस्नका लागि पर्याप्त पैसा भयो तब यो सम्बन्ध शुरु गरेँ ।

**पीडादायी यौनसम्बन्ध**

सबैभन्दा ठूलो कुरा के भने मेरी आमा मेरो अनुहार र चालढालका लागि लज्जित महशुस गर्नुहुन्थ्यो त्यसकारण ममा आत्मसम्मानको निकै कमी थियो ।

मैले यौनसम्बन्ध स्थापित गर्ने पहिलो कोशिस इरासँगै गरेँ । त्यतिबेला म यौनसम्बन्ध स्थापित गर्न चाहन्थेँ । यद्यपि, हामीबीचको यौनसम्बन्ध सामान्य थिएन । यो पीडादायी र आक्रामक हुने गर्दथ्यो । हाम्रो पहिलो यौनसम्बन्ध लगभग पाँच घण्टासम्म भयो, त्यसपछिका यौनसम्बन्ध निकै पीडादायी भए ।

हामीबीचको यौनसम्बन्ध एक-दुई घण्टासम्म हुन्थ्यो । यौनसम्बन्ध हुँदा तपाईंले रोमाञ्चक महशुस गर्नुपर्छ तर मेरो कहिले पनि त्यस्तो भएन । मलाई यसअघि यौनसम्बन्ध केही अनुभव पनि थिएन । मलाई लाग्थ्यो यौनसम्बन्ध यस्तै हुन्छ तसर्थ यसका लागि आफ्नो सहमति दिने गर्दथेँ ।

तर एकदिन मैले 'नाईं' भने । तर, उनी रोकिइनन् । त्यतिबेला यो बलात्कारमा परिवर्तन भयो ।

**'म फसिसकेको थिएँ...'**

मलाई एउटा लामो व्यापारिक यात्राका लागि विदेश जानु थियो । इरालाई गुमाउँछु कि भन्ने डर लाग्थ्यो । त्यसकारण मैले उसलाई सँगै जान भनेँ । मैले उनलाई विवाहको प्रस्तावसमेत गरेँ । उनले विवाह गर्न अस्वीकार गरिन् तर मसँग जान भने तयार भइन् । त्यसपछि यहाँबाट शुरु भयो उत्पीडन । अबेरसम्म काम गरेपछि म निकै थाकेको हुन्थेँ । म आराम गर्न चाहन्थेँ तर उनी यौनसम्बन्ध चाहन्थिन् । उनी भन्थिन्- 'म निकै लामो समयदेखि प्रतिक्षा गरिरहेकी छु । तिमी तयार हुनैपर्छ ।'

मैले अस्वीकार गर्दा उनी ममाथि कुटपिट गर्ने गर्थिन् त्यसपछि म विवश हुन्थेँ । उनी मलाई आफ्नो नङले चोट पुऱ्याउँथिन्, मलाई मुक्का हान्थिन् । उनी यस्तो स्थानमा चोट पुऱ्याउँथिन् जुन लुगाले छोपिन्थ्यो जस्तै छाती, पिठ्यूँ, हात, खुट्टा । अनुहारतिर चोट लाग्दैनथ्यो ।

मैले कहिले पनि उनीमाथि हात उठाइन किनभने मलाई महिलामाथि हात उठाउनु ठूलो गल्ती हो भन्ने शिक्षासहित हुर्काइएको हो । मैले आफूले आफैंलाई निकै सानो र कमजोर महशुस गर्न थालेको थिएँ । मसँग त्यो स्थितिबाट बच्ने कुनै तरिका थिएन । मैले होटलमा छुट्टै कोठा लिने कोशिस गरेँ तर त्यस्तो हुन सकेन ।

मलाई कामपछि होटल फर्कन डर लाग्थ्यो त्यसकारण म पसल बन्द नहुञ्जेल मलमा घुम्ने गर्दथेँ । बजार बन्द भएपछि म पूरा शहर घुम्थेँ । चिसो मौसम थियो र मैले आफूसँग पर्याप्त न्यानो लुगा पनि लगेको थिइनँ । मलाई ज्वरो आयो र संक्रमण पनि भयो । तर, इरालाई यसले कुनै फरक पारेन । उनले त्यहि गरिन्, जुन उनी चाहिन्थन् ।

सबैभन्दा खराब स्थिति त सप्ताहन्तमा हुन्थ्यो । शनिबार रातिदेखि आइतबार बिहानसम्म यातना चलिरहन्थ्यो । म युक्रेन फर्कने दिनको गन्ती गर्दथेँ । मैले इरासँगको सम्बन्ध तोड्ने निश्चित गरेको थिएँ, तर म गलत थिएँ ।

**मैले कोशिस गरें तर...**

म आफ्नो आमा-बुवा भए ठाउँ फर्किएँ । म इरासँग सँगै बस्नु त परको कुरा उनलाई सम्पर्क समेत नगर्ने सोचमा थिएँ । मैले आफ्नो फोन स्वीच अफ गरिदिएँ र उनलाई हरेक स्थानमा ब्लक गरिदिएँ ।

म आफ्नो घरमा लुकेर बस्थेँ तर उनी मेरो घरमा आएर बन्द ढोका नजिकै बस्ने गर्थिन् । उनले मलाई अब सबैकुरा ठीक हुने सान्त्वना दिन्थिन् । अन्त्यमा एक्लो हुने डरले म उनी भए ठाउँ फिर्ता भएँ ।

यसपटक उनले विवाह गर्न दबाब दिइन् । म यस्तो होस् भन्ने चाहँदैन थिएँ तर पनि हामीले विवाह गऱ्यौं । इरालाई सबैसँग समस्या थियो । मेरो साथीभाइ, परिवारका सदस्य, सबैसँग । म जहाँसुकै भएपछि मैले उनको फोन जसरी पनि उठाउनुपर्दथ्यो । उनी अचम्मको प्रश्न सोध्थिन्- जस्तैः तिमी त्यो कन्फरेन्समा किन जान्छौ ? तिमी ती साथीहरुलाई किन भेट्छौ ? म हरेकपटक उनीसँगै बस्नुपर्दथ्यो । म उनको लागि कुनै खेलौना झैं थिएँ जो हरेक समय उनको मन बहकाउन बाध्य थिएँ ।

इराको जागिर थिएन । म जागिर गर्थें, खाना बनाउँथे र सर-सफाई गर्दथेँ । हामीले एउटा ठूलो अपार्टमेन्ट भाडामा लिएका थियौं, जसमा दुईवटा बाथरुम थिए । तर मैले पाहुनाका लागि बनाइएको बाथरुम प्रयोग गर्नुपर्दथ्यो । उनले प्रयोग गरेको बाथरुममा म जान पाउँदिनथेँ ।

प्रत्येक दिन मैले १० बजेसम्म उनी उठ्ने प्रतिक्षा गर्नुपर्दथ्यो, उनको निद्रा केही गरी भंग हुनु हुँदैनथ्यो । हामी छुट्टा-छुट्टै कोठामा सुत्ने उनले निश्चित गरेकी थिइन् तर, मैले कोठामा चुकुल लगाउन पाउँदिनथेँ । म कहिले पनि एक्लो हुन पाउँदिनथेँ । जब म कुनै गल्ती गर्दथेँ तब उनी ममाथि चिच्याउँथिन् र मलाई कुट्ने गर्थिन् । यस्तो लगभग हरेक दिन हुन्थ्यो ।

जे जति हुन्थे, त्यसमा सबै मेरै दोष हुन्थ्यो । उनलाई कस्तो पुरुष चाहिन्छ र मैले के गर्नुपर्छ भनेर मलाई सुनाइरहन्थिन् । म कमजोर थिएँ । उनले जे भनेपछि म गर्दथेँ किनभने म उनको रिस झेल्न चाहन्नथेँ ।

म तल गएर कारभित्र बसेर रुने गर्दथेँ । उनी मेरो पछिपछि आएर मलाई रोइरहेको देख्थिन् । जब म फिर्ता हुन्थेँ तब उनले उनी मेरो लागि निकै दुःखी भएको तर आफूलाई रोक्न नै नसक्ने बताउने गर्थिन् ।

मैले जतिसुकै खराब महशुस गरे पनि, यो यातना रोकिँदैनथ्यो । म पनि परफेक्ट थिइनँ । यी सबैबाट बच्नका लागि म दैनिक १०-१२, यहाँसम्म कि १४ घण्टासम्म काम गर्न थालेको थिएँ । म विकेन्ड र छुट्टीमा पनि काम गर्दथेँ । यसो गर्न सजिलो लाग्थ्यो । केही मानिसहरु समस्यामा हुँदा रक्सी पिउँछन्, कोही काम गर्छन् ।

**'सेक्स शब्दसँगै डर लाग्न थाल्यो'**

शुरुको तीन वर्षसम्म त मलाई सेक्स मनपर्दैनथ्यो तर त्यसपछि त मलाई यसको नाम सुनेर नै प्यानिक अट्याक हुन थाल्यो । त्यसपछि जब इरा ममाथि जबर्जस्ती गर्ने कोशिस गर्थिन्, तब म उनलाई धक्का दिएर भाग्ने गर्दथेँ र कतै लुक्ने गर्दथेँ ।

इरालाई लाग्थ्यो कि हाम्रो यौनसम्बन्ध मेरा कारण खराब भइरहेको छ । उनले कतिपटक त मलाई सेक्सोलोजिस्टकोमा लिएर गइन् । म सेक्सोलोजिस्टको अगाडि पनि बलात्कार र उत्पीडनको कुरा गर्न सक्दिनथेँ । तसर्थ अन्त्यमा सबै दोष मेरो टाउको आउँथ्यो । मैले आफ्नो सम्बन्धविच्छेद हुनु केही वर्ष अघि मात्रै आफ्नो उत्पीडनबारे बोल्न सकेको हुँ ।

**मैले यसरी मद्दत पाएँ ?**

त्यो शरद ऋतुको मौसम थियो, म ब्रोन्काइटिस र उच्च ज्वरोका कारण थलिएको थिएँ । त्यतिबेला मेरो हेरविचार गर्ने कोही पनि थिएन । त्यो समयमा मलाई महशुस भयो कि मेरी श्रीमतीलाई यस्ता कुराले केही असर पार्दैनँ र म मरे पनि कसैको ध्यान मप्रति केन्द्रित हुनेछैन । म डर र घिनले भरिएको थिएँ । एकपटक म आफ्नो आमा-बुवालाई यसबारे भन्न उनको घर पनि गएँ तर त्यतिबेला उहाँहरु हुनुहुन्थेन । म एकपटक पुनः एक्लो भएँ । त्यसपछि एकदिन इन्टरनेटमा काम गरिरहेका बेला एउटा विज्ञापनयुक्त विन्डोमा एउटा च्याट पप अप भयो । मैले त्यहाँ कुराकानी शुरु गरेँ । त्यहाँ सबैकुरा गोप्य थियो । पहिलोपटक मैले आफ्नो जीवनबारे सबैकुरा त्यहाँ गरेँ । यद्यपि, म त्यतिबेला पनि आफू उत्पीडनमा परेको कुरा स्वीकार गर्न सकिरहेको थिइँन, यद्यपि मैले लगातार 'नाई' भन्न थालिसकेको थिएँ ।

शुरुमा मैले स-सानो कुरामा नाई भनेँ त्यसपछि आवश्यक कुराका लागि । अन्त्यमा मैले एक थेरापिस्ट भेटेँ जसले मेरो मद्दत गरे । थेरापी सेशनमा मैले र इरा, दुबैले कुरा गर्नुपर्दथ्यो र जब म बोलिरहेको हुन्थेँ, त्यतिबेला उनले मलाई केही भन्न पाउँदिनथिन् । उक्त सेशनमा मैले पहिलोपटक आफ्नो उत्पीडनबारे भनेँ ।

इरा मेरो कुरा सुनेर अत्यधिक रिसाइन्, उनले ममाथि चिच्याउँदै मेरो कुरा झुटो भएको बताइन् । यद्यपि, त्यसपछि उनले सम्बन्धविच्छेदको कुरा गरिन् । मलाई लाग्दैन कि उनले साँच्चै सम्बन्धविच्छेद चाहन्थिन् । सायद उनले मलाई चुप गराउनका लागि यस्तो भनेकी होलिन् । तर मैले तुरुन्त हुन्छ भनिदिएँ ।

आखिर एक महिनापछि मैले सम्बन्धविच्छेदको कागजात पाएँ । त्यो मेरो जीवनको सबैभन्दा खुशीको दिन थियो । सम्बन्धविच्छेदको एकदिनपछि मैले उनीमाथि चिच्याउँदै भने- 'तैंले मेरो बलात्कार गरिरहेकी थिइस् !' उनले भनिन्- 'मैले तिमीलाई बलात्कार गरिरहेकी थिएँ, त्यसो भए के भयो त ? ' उसलाई त्यसपछि केही भन्नै आएन । एक तरिकाले उनले आफ्नो व्यवहार स्वीकार गरिन् तर पनि ऊ हाँसिरहेकी थिइन् ।

म आफ्नो आमा-बुवा भए ठाउँ गएँ । मैले आफ्नो जागिर छोडिदिएँ र केही हप्ताका लागि घरमा नै बसेँ । एक दिन उनी मेरो घरमा आएर ढोका ढक्ढकाउन थालिन् र चिच्याउन थालिन् । मेरी आमा उनी चिच्याएको देखेर डराउनुभयो । म मनमनै मुस्कुराएँ । मैले सोचेँ, 'आमा, तपाईंले कल्पना पनि गर्न सक्नुहुन्नँ मैले के कति झेलेको छु...'

**यो सबैले तपाईंको ज्यान लिन सक्थ्यो...**

मैले न त उनीविरुद्ध कुनै प्रमाण जम्मा गरेँ न नै कसैलाई यसबारे बताएँ ।

म केही सपोर्ट ग्रुपको खोजीमा थिएँ तर युक्रेनमा महिलाका लागि मात्रै सपोर्ट ग्रुप छ । अन्त्यमा मैले सानफ्रान्सिस्कोको एउटा अनलाइन सपोर्ट ग्रुप पाएँ, जसले पुरुषका लागि काम गर्दथ्यो ।

मैले युक्रेनमा शुरुमा जुन थेरापिस्टलाई भेटेको थिएँ, उनले मेरो खिल्ली उडाएका थिए । उनले भनेका थिए- 'यस्तो हुँदैन, तिमी पुरुष हौ, ऊ महिला हो ।' मैले ६ जना थेरापिस्ट परिवर्तन गरेँ त्यसपछि मात्रै सही मद्दत पाएँ । मलाई कसैमाथि विश्वास गर्न ८ महिना लाग्यो ।

मैले उनीविरुद्ध मुद्दा दर्ता गर्नेबारे पनि सोचेको थिएँ तर अब म यस्तो गर्न चाहन्नँ । लामो समयसम्म मैले यो चाहेँ कि उनले जे जति गरिन् त्यो सबै स्वीकार गरेर माफी मागोस् । म अहिले पनि काममा जादिनँ र मेरा लागि दैनिक बिहान बेड छोड्नु पनि मुस्किल हुन्छ । मसँग बाँच्नका लागि केही पनि छैन । मलाई थाह छैन कि यत्तिका वर्षसम्म म के गरिरहेको थिएँ ?

मलाई थाहा छ कि अब न त मेरो कसैसँग सम्बन्ध हुनेछ न बच्चा । मैले आशा मारिसकेको छु । तर मैले यति लामो समयसम्म चुप बस्नु भने हुँदैनथ्यो ।

यदि कोही पुरुषले यो पढिरहेको छ भने उसले यो बुझ्नुपर्छ कि यसले तपाईंको ज्यान पनि लिनसक्छ । यदि तपाईंले यो बुझ्नुभएको छ कि तपाईंसँग आफूलाई बचाउने मौका छ । बीबीसी

## करेन्ट लागेर तीनको मृत्यु

**सप्तरी, जेठ ८ ।** सप्तरीको बोदे बर्साइन नगरपालिकामा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

बत्ती बाल्ने क्रममा बोदे बर्साइन-९की ४० वर्षीया मिरकुन सदाको मृत्यु भएको प्रहरीले जनाएको छ । गम्भीर घाइते उनको उपचारका लागि बोदे बसाईन-५ स्थित जीवन दीप अस्पताल ल्याउने क्रममा मृत्यु भएको परिवारले बताएको छ ।

गत तीन दिनको अवधिमा यहाँ तीनजनाको करेन्ट लागेर मृत्यु भएको छ । यसअघि डाक्नेश्वरी तथा खडक नगरपालिकामा एक/एकजनाको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्ण प्रसाईंले जानकारी दिए । डाक्नेश्वरी नगरपालिका-१०मा ३५ वर्षीय रञ्जितकुमार साह र खडक नगरपालिका-३ बस्ने २२ वर्षीया बबिताकुमारी मण्डलको करेन्ट लागेर मृत्यु भएको हो । घरमा मोटर जडान गर्ने क्रममा साहलाई करेन्ट लागेको थियो भने खेतमा घाँस काटिरहेका बेला मण्डललाई करेन्ट लागेको थियो ।

## सञ्चारकर्मीसँग अन्तरक्रिया

**गौरादह, जेठ ७ ।** गौरादह नगरपालिकाले सञ्चारकर्मीसंग अन्तरक्रिया गरेको छ । कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण र रोकथामका लागि अपनाउनु पर्ने सजकता र सुरक्षाका विषयमा नगरपालिकाले संचारकर्मीसंग अन्तरक्रिया गरेको हो ।

विश्वभर कोरोना भाइरसको महामारीसंग जुध्न फ्रन्ट लाइनमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र जनप्रतिनिधिसँगै संचारकर्मीको पनि उत्तिकै योगदान रहेकोले उनीहरुको व्यक्तिगत र व्यवसायिक सुरक्षाका विषयमा छलफल गरिएको थियो ।

गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेम ओझाले कोरोना भाइरसको संक्रमणबाट बच्ने उपाय र यसबारे जनचेतना फैलाउन सञ्चारकर्मीको अहम् भूमिका रहेकोले उनीहरुको व्यक्तिगत र व्यवसायिक सुरक्षा गर्नु स्थानीय तहको दायित्व भएको बताए ।

संचारकर्मीहरुसंगको छलफलमा आएका सुझाव र उठान भएका आवश्यक विषयलाई टिपोर्ट गरी कार्यपालिकाको वैठकमा निर्णयार्थ पेश गर्ने प्रमुख प्रशासकीय अधिकृत ओझाले बताएका थिए । कोरोना अवधिभर सञ्चारकर्मीको स्वास्थ्य बिमा, लोककल्याणकारी विज्ञापनको उपलब्धता, पीसीआर टेस्ट, स्वास्थ्य सामग्रीको उपलब्धता र नियमित रुपमा नगरपालिकाको सूचना उपलब्धता गराउने विषयमा छलफल भएको थियो । सोही अवसरमा नगरपालिकाले एन ९५ मास्क र सेनिटाइजर सञ्चारकर्मीलाई वितरण गरेको थियो ।

गौरादह नगरपालिकाले हाल २० वेडको क्वारेन्टाइन स्थापना गरेको छ । नगरपालिकाले स्थापना गरेको क्वारेन्टाइन र होम क्वारेन्टाइनमा रहेका ९७ जनासहित जम्मा ११ सय जनाको स्वास्थ्य जाँच भएको र उनीहरुको अवस्था सामान्य रहेको गौरादह स्वास्थ्य शाखाका सहसंयोजक गोविन्द श्रेष्ठले जानकारी गराएका छन् । चैत ११ गतेदेखि सरकारले लगाएको लकडाउन पश्चात नगरपालिकाले ५ स्थानमा फिभर क्लिनिक स्थापना गरी स्वास्थ्य सेवा दिइरहेको जनाउँदै वृद्ध, गर्भवती, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, गाडीमा यात्रा गर्नेलगायतका व्यक्ति तुलनात्मक रुपमा बढी जोखिम रहेको उनले बताएका थिए ।

छलफलमा नगरपालिका वार्ड नं. १का वडाध्यक्ष तथा नगर प्रवक्ता नगेन्द्र भण्डारी, वार्ड नं. ३का वडाध्यक्ष गजेन्द्र घिमिरे, वडा नं. ७का वडासदस्य अमरदास शिवाकोटी र सञ्चारकर्मीहरु डण्डीराज घिमिरे, झगेन्द्र खड्का, युवराज भट्टराई, आत्माराम राजवंशी, सन्देश विष्ट, शान्ति सुब्बालगायतको सहभागिता थियो ।


पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३–५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३–५४६६८३/९८२६९२०००१
इलामः ०२७–५२०१४०/९८२६९२०००२

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

हिजोको सूनचाँदीको भाऊ

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।– |
| तेजावी सुन | ७६,७००।– |
| असल चाँदी | ७२५।– |

आवश्यकता

सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)

यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।

सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड

फोनः ०२३–५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।

Divine Int'l Acadamy (Dia)

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465

MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३–५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । उपलब्धिका लागि दोहोऱ्याएर काम गर्नुपर्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** काम पूर्ण नभए पनि मेहनतले आंशिक लाभ दिलाउनेछ । लेनदेनमा अलि होसियार रहनुहोला । साँझपख कार्य बन्ने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मेहनतले मान-सम्मान दिलाउनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ । बुद्धिले काम लिँदा चिताएको योजना बन्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कामले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्ने छन् र सानो प्रयत्नले ठूलो काम बन्नेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** विशेष भेटघाटले काममा उत्साह बढाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । किर्तिमानी काम गर्ने समय छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सामाजिक दायित्व बढ्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू पनि बढ्ने छन् । यात्राको अवसर आउला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पछिका लागि केही वस्तु त्याग्नुपर्ला । तापनि मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । टाढाका साथीभाइले काममा साथ दिने छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । टाढाका साथीहरूसँगको भेटघाटले खुसियाली छाउनेछ । कर्जामार्फत धन जुट्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । हात लागेको रकम तत्काल खर्चनुपर्ने हुन सक्छ । लेनदेनमा विचार पुऱ्याउनु होला ।